मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : ३१ ◆ अङ्क : १८१ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०८३ जेठ ६ गते बुधबार (Wednesday, 20 May. 2026) नेपाल सम्वत् ११४६ Web : www .purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

## प्रहरीमा जागिर लगाइदिन्छु भन्दै ठगी

**काठमाडौं, जेठ ५।** नेपाल प्रहरीको विभिन्न चरणका परीक्षाहरूमा उत्तीर्ण गराई जागिर लगाइदिन्छु भन्दै रकम ठगी गर्ने कार्यमा संलग्न एक जनालाई प्रहरीले पक्राउ गरेको छ।

पक्राउ पर्नेमा बाँके सुर्खेत जिल्ला भेरीगंगा नगरपालिका-१ गुराँसे बस्ने ३० वर्षका लक्ष्मण बिक रहेका छन्। उनले विभिन्न मितिमा मानिसहरूलाई प्रहरीमा भर्ना गराइदिने आश्वासन दिँदै रकम माग गरी ठगी गरेको प्रहरीले जनाएको छ। जिल्ला प्रहरी कार्यालय बाँकेका

*(बाँकी अन्तिम पृष्ठमा)*

## मदिरा सेवनपछिको विवादले काजलको मृत्यु



**झापा, जेठ ५।** अर्जुनधारा-८ कुशलचोक नजिकै भएको सामान्य भनिएको विवाद अन्ततः एक युवतीको ज्यान जाने घटनामा परिणत भएको छ।

जिल्ला प्रहरी कार्यालय झापाका प्रहरी नायव उपरीक्षक खगेन्द्रबहादुर खड्काका अनुसार स्थानीय २९ वर्षीया काजल बस्नेत सुवेदीको मृत्यु भएपछि स्थानीय समुदाय स्तब्ध बनेको छ भने घटनाले मदिरा सेवनपछि हुने हिंसात्मक व्यवहारमाथि पुनः प्रश्न उठाएको छ।

प्रहरीका अनुसार वैशाख ४ गते राति करिब ९:१५ बजे एम्स सेकेन्डरी बोर्डिङ स्कूलको पश्चिमतर्फ रहेको खुला चौरमा काजल र २४ वर्षीय किरण गौतमबीच मदिरा सेवन गरिरहेको अवस्थामा विवाद भएको थियो। विवादको क्रममा किरणले काजललाई धकेलेपछि उनको चौरको बीच भागमा सीमाना छुट्याउन बनाइएको कङ्क्रिटको प्लममा टाउको ठोक्किन पुगेको थियो।

रातको समयमा सुनसान रहने उक्त चौरमा चर्को आवाज सुनेपछि केही स्थानीय बाहिर निस्किएका थिए। उनीहरूले काजललाई अचेत अवस्थामा फेला पारे। टाउकोबाट रगत बगिरहेको थियो, अवस्था निकै गम्भीर देखिन्थ्यो- एक स्थानीयले भने। पहिला सामान्य झगडा होला भन्ने लागेको थियो, तरपछि अवस्था डरलाग्दो देखियो।

घटनापछि स्थानीयले तत्काल उपचारका लागि उनलाई नजिकैको शंकर अस्पताल पुऱ्याएका थिए। त्यहाँबाट अवस्था जटिल भएपछि बिर्तामोडस्थित बीएण्डसी अस्पताल लगिएको थियो। थप उपचारका लागि प्रादेशिक मेची अस्पताल भद्रपुर रेफर गरिएकोमा उपचारकै क्रममा मंगलवार विहान ४:४० बजे उनको मृत्यु भएको प्रहरीले जनाएको छ।

काजलका श्रीमान यामबहादुर बस्नेत बैदेशिक रोजगारीको सिलसिलामा दुबईमा रहेको खुलेको छ। श्रीमान विदेशमा रहेका बेला भएको घटनाले परिवारमाथि गहिरो पीडा थपिएको छ। मृतककी दिदी प्रतिमा भट्टराईले इलाका प्रहरी कार्यालय अनारमनीमा जाहेरी दिएकी छन्।

प्रहरीले घटनास्थलबाटै किरण गौतमलाई नियन्त्रणमा लिएको थियो। उनलाई मुलुकी अपराधसंहिता २०७४ अन्तर्गत ज्यान सम्बन्धी कसुरमा अनुसन्धान अघि बढाइएको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ। प्रहरी स्रोतका अनुसार प्रारम्भिक अनुसन्धानमा दुवैले अत्यधिक मदिरा सेवन गरेको देखिएको छ। घटनाको वास्तविक

*(बाँकी अन्तिम पृष्ठमा)*

मन्त्रिपरिषद्का सात निर्णय

# सुकुम्बासीलाई प्रतिपरिवार २५ हजार



**झापा, जेठ ५।** सरकारले काठमाडौं उपत्यकाका नदीकिनार क्षेत्रमा रहेका जोखिमयुक्त बस्ती हटाउने क्रममा विस्थापित हुने सुकुम्बासी परिवारलाई राहत तथा पुनर्स्थापनाका लागि विशेष सहायता उपलब्ध गराउने निर्णय गरेको छ।

मंगलबार सिंहदरबारस्थित प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा बसेको मन्त्रिपरिषद् बैठकले विस्थापित परिवारलाई प्रतिपरिवार २५ हजार रुपैयाँ एकमुष्ट पुनर्स्थापना खर्च दिने निर्णय गरेको सरकारका प्रवक्ता तथा शिक्षामन्त्री सस्मित पोखरेलले जानकारी दिए।

बैठकले जोखिमयुक्त बस्ती हटाउँदा प्रभावित परिवारलाई वैकल्पिक बसोबासको व्यवस्था गर्न प्रोत्साहन स्वरूप थप राहत उपलब्ध गराउने निर्णय पनि गरेको छ। पाँच सदस्यसम्म रहेका परिवारलाई प्रतिमहिना १५ हजार रुपैयाँका दरले र पाँचभन्दा बढी सदस्य भएका परिवारलाई थप प्रति सदस्य २ हजार रुपैयाँका दरले हाललाई तीन महिनासम्म बसोबास व्यवस्थापन खर्च उपलब्ध गराइने भएको छ।

सरकारले वृद्ध, अशक्त, असहाय तथा आफ्नो व्यवस्थापन गर्न नसक्ने व्यक्ति तथा परिवारलाई तोकिएका होल्डिङ सेन्टरमा राख्ने निर्णय पनि गरेको छ। त्यस्तै, बालबालिकाको पठनपाठन, विद्यालय पहुँच र आधारभूत स्वास्थ्य सेवा प्रभावित नहुने गरी स्थानीय तहसँग समन्वय गरेर व्यवस्थापन गरिने जनाइएको छ।

त्यसैगरी बैठकले अन्तर्राष्ट्रिय सहयोगसम्बन्धी दुई महत्वपूर्ण अनुदान सहायता स्वीकार गर्ने निर्णयसमेत गरेको छ। नगरपालिका राजश्व अभिवृद्धि परियोजनाका लागि स्वीट्जरल्याण्ड सरकारबाट प्राप्त हुने ६.११६ मिलियन स्वीस फ्याङ्क अनुदान स्वीकार गर्ने निर्णय भएको छ।

त्यसैगरी, चीन सरकारले अरनिको राजमार्गको मर्मत तथा सुधारका लागि उपलब्ध गराउने ७९.३६ मिलियन आरएमबी अनुदान पनि सरकारले स्वीकार गर्ने निर्णय गरेको छ। मन्त्रिपरिषद्ले प्रत्यायन नियमावली, २०८३ तथा सैनिक सेवा (छैटौं संशोधन) नियमावली, २०८३ स्वीकृत गरेको छ।

यस्तै, नेपाल राष्ट्र बैंक ऐन-२०५८ संशोधन गर्न बनेको विधेयक संघीय संसद्मा पेश गर्न स्वीकृति दिने निर्णय पनि बैठकले गरेको छ। सरकारले नेपाल सरकार (कार्य विभाजन) नियमावली-२०८३ अनुसार राजपत्राङ्कित विशिष्ट श्रेणीका सचिवहरूको दरबन्दी मिलान तथा पदस्थापन गर्ने निर्णय समेत गरेको जनाएको छ।

## आधा केजी सुनसहित भारतीय नागरिक पक्राउ



**झापा, जेठ ५।** पूर्वीनाका काँकरभिट्टामा खटिएको सशस्त्र प्रहरी टोलीले एक करोड ४४ लाख ६५ हजार रुपैयाँबराबरको ५७० ग्राम चौबीस क्यारेटको सुन र २० हजार अमेरिकी डलरसहित एक जना भारतीय नागरिकलाई पक्राउ गरेको छ।

सशस्त्र प्रहरी बल नेपालको २ नं. हेडक्वाटरका प्रमुख अम्बिकाप्रसाद जोशीले भारतको कोलकाता घर बताउने ३९ वर्षीय परम पाठकलाई काँकरभिट्टा भन्सारको चेकपोस्टमा जाँच गर्दा उक्त सुनसहित २० हजार अमेरिकी डलर (नेपाली रु. ३० लाख ६५ हजार) र ८५ हजार ४१९ भारतीय रुपैयाँ (नेपाली रु. एक लाख ३६ हजार ६५७) समेत बरामद गरिएको बताए। पक्राउ परेका भारतीय नागरिकबाट सवारीचालक अनुमति-पत्र, आधार कार्ड, भिभो मोबाइल, सामसुङ मोबाइल, हार्डडिस्क, सिम कार्ड, भिसा कार्ड र चेक बरामद भएको जनाइएको छ। पक्राउ परेका व्यक्तिलाई आवश्यक कानूनी कारबाहीका लागि इलाका प्रहरी कार्यालय काँकरभिट्टामा राखी झापा जिल्ला अदालतमा पेश गरिएको बताइएको छ।

निज पाठक भारतको पानीटङ्कीनाकाबाट सिटी सफारी चढेर नेपालतर्फ आउँदै गर्दा भन्सार जाँचका क्रममा पक्राउ परेका थिए। सशस्त्र प्रहरी टोली र

*(बाँकी अन्तिम पृष्ठमा)*

## कतार पठाउने भन्दै ४८ लाख गरेपछि...

**काठमाडौँ, जेठ ५।** कतार पठाउने भन्दै ४८ लाख रुपैयाँ ठगी गर्ने ३७ वर्षीय नारायण जोशी पक्राउ परेका छन्।

काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालय टेकूका सूचना अधिकारी प्रहरी उपरीक्षक रामेश्वर कार्कीका अनुसार मोरङ कटहरी गाउँपालिका वडा नं. ६का स्थायी बासिन्दा जोशी धनुषा जनकपुरधाम उपमहानगरपालिका वडा नं. ४बाट पक्राउ परेका हुन्।

यसैगरी, इराक पठाउने भनी २० लाख रुपैयाँ ठगी गर्ने ४३ वर्षीय गोपालविक्रम राना, अष्ट्रेलिया पठाउने भनी तीन लाख ठगी गर्ने नवराज पौड्याल र क्रोएशिया पठाउने भनी दश लाख रुपैयाँ ठगी गर्ने ङवाङ लामा पक्राउ परेका छन्।

स्थायी घर सुर्खेत बराहाताल गाउँपालिका वडा नं. २का राना काठमाडौँको टेकूबाट, भक्तपुरमध्यपुर ठिमी नगरपालिका-१०का पौड्याल काठमाडौँको पुतलीसडकबाट र मनाङ नासोँ गाउँपालिका वडा नं. ६का लामा काठमाडौँ नागार्जुन नगरपालिका वडा नं. ८ बाट पक्राउ परेका हुन्। उनीहरुले बेरोजगार युवायुवतीलाई आकर्षक तलबको प्रलोभनमा रोजगारीका लागि विदेश लैजाने भन्दै लामे समयसम्म झुक्यानमा राखी सम्पर्कविहीन बनेका थिए।

पक्राउ परेकालाई थप अनुसन्धान तथा आवश्यक कारवाहीका लागि वैदेशिक रोजगार विभाग, ताहाचल पठाइएको प्रहारीले जनाएको छ।

## ग्लोबल आइएमई बैंकका चार जनाविरुद्ध मुद्दा दर्ता



**झापा, जेठ ५।** ग्लोवल आइएमई बैंकका कर्मचारीले सामाजिक सञ्जालमा चार जना व्यक्तिको तस्बीर पोष्ट गर्दै आत्महत्या गरेपछि बैंकिङ वृत्त मात्र होइन, सामाजिक सञ्जाल समेत तातिएको छ।

झापाको दमकमा ग्लोबल आइएमई बैंकका एक कर्मचारी मृत अवस्थामा फेला परेपछि बैंकका प्रमुख कार्यकारी अधिकृत (सिइओ) सहित चार उच्च अधिकारीविरुद्ध आत्महत्या दुरुत्साहनको आरोपमा जाहेरी दर्ता भएको छ। दमक-८ लक्ष्मीमार्ग टोल निवासी ४२ वर्षीय पिताम्बर खड्का सोमबार साँझ आफ्नै घरभित्र झुण्डिएको अवस्थामा फेला परेका थिए। प्रहरीका अनुसार घरको कोठाभित्र सिलिङ फ्यान झुण्ड्याउने फलामको हुकमा प्लास्टिकको डोरी प्रयोग गरी उनले आत्महत्या गरेको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ।

घटनापछि सार्वजनिक भएको सामाजिक सञ्जाल पोस्टले भने यो घटनालाई थप गम्भीर र संवेदनशील बनाएको छ। मृतक खड्काले आत्महत्याअघि सामाजिक सञ्जालमार्फत आफूलाई मानसिक दबाबमा पारिएको संकेत गर्दै बैंकका चार उच्च अधिकारीको नाम र तस्वीर सार्वजनिक गरेका थिए। पोस्टमा उनले आफूलाई राजीनामा दिन बाध्य बनाइएको आशय व्यक्त गरेका छन्।

त्यसपछि मृतकका परिवारजन मंगलबार बिहान इलाका प्रहरी कार्यालय दमक पुगेका थिए। परिवारले ग्लोबल आइएमई बैंकका प्रमुख कार्यकारी अधिकृत सुरेन्द्रराज रेग्मी, नायब प्रमुख कार्यकारी अधिकृत सुमन पोखरेल, उपमहाप्रबन्धक दीपचन्द्र रेग्मी र मानव संशाधन विभाग प्रमुख अनामिका कुँवर सिंहबिरुद्ध आत्महत्या दुरुत्साहनको किटानी जाहेरी दिएका हुन्।

प्रहरीले जाहेरी दर्ता भइसकेको पुष्टि गर्दै घटनाबारे अनुसन्धान शुरु गरिएको जनाएको छ। इलाका प्रहरी कार्यालय दमक स्रोतका अनुसार सामाजिक सञ्जालमा सार्वजनिक सामग्री, कार्यालयभित्रको कार्य वातावरण, मृतकले भोगेको

*(बाँकी अन्तिम पृष्ठमा)*

## राहदानीसहित पक्राउ



**झापा, जेठ ५।** त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल सुरक्षा कार्यालयले ३७ थान नेपाली राहदानीसहित एक नेपाली नागरिकलाई नियन्त्रणमा लिएको छ।

विमानस्थलमा खटिएको सुरक्षाकर्मी टोलीले मङ्गलवार सिरहा जिल्लाको धनगढीमाई नगरपालिका-१३ स्थायी ठेगाना भएका ३८ वर्षीय अजित श्रेष्ठ पक्राउ गरको जानकारी दिएको छ। उनी नेपाल एयरलाइन्सको उडानमार्फत काठमाडौंबाट भारतको नयाँ दिल्ली जान लागेका थिए। जाँचका क्रममा श्रेष्ठको साथबाट कुनै पनि आधिकारिक अनुमति वा कागजातबिना ३७ थान नेपाली राहदानी फेला परेको सुरक्षा कार्यालयले जनाएको छ।

ती राहदानी रोमानियाको भिसा लगाउने उद्देश्यले लैजान खोजिएको प्रारम्भिक अनुसन्धानबाट खुलेको प्रहरीले जनाएको छ। बरामद गरिएका राहदानीसहित उनलाई नियन्त्रणमा लिएर थप अनुसन्धान तथा आवश्यक कानूनी कारबाहीका लागि काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय टेकूमा पठाइएको प्रहरीले जनाएको छ।

## ११ स्थानमा आगलागी, एकैदिन ७७ लाखको क्षति

**काठमाडौँ, जेठ ५।** पछिल्लो २४ घण्टामा देशका विभिन्न ११ स्थानमा आगलागी हुँदा एक जनाको मृत्यु भएको छ भने दुई जना घाइते भएका छन्।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार काठमाडौँसहित ललितपुर, झापा, मोरङ, धनुषा, बारा, दाङ, डडेलधुरा र अछाममा आगलागीका घटना भएका हुन्।

प्राधिकरणकी प्रवक्ता शान्ति महतका अनुसार काठमाडौँमा मात्रै तीन ठाउँ रामघाट, चन्द्रागिरि र तीनचुलीमा आगालागीका घटना भएको छ। तीनचुलीस्थित सिन्धुली खाजा घरमा ग्यास चुहिएर भएको आगलागीमा एक जना घाइते भएका छन्।

यसैगरी, दाङको गिठेपानीमा रहेको एक किराना पसल र मासु पसलमा आगलागी हुँदा एकजना घाइते भएका छन्। अछामको मङ्गलसेनस्थित घर नजिकै खेतमा बालिएको आगोमा पर्न गरी एक दुई वर्षीय बालिकाको मृत्यु भएको प्राधिकरणले जानकारी दिएको छ।

प्राधिकरणका अनुसार पछिल्लो २४ घण्टामा आगालगीसहितका १८ वटा विपद्जन्य घटनामा तीन जनाको मृत्यु भएको छ भने पाँच जना घाइते भएका छन्। अछाममा आगलागीबाट एक, बारामा सर्पले डसेर एक र डोल्पामा लेक लागेर एक जनाको मृत्यु भएको हो। यसैगरी, विभिन्न जिल्लामा विपद्जन्य घटनामा परेर पाँच जना घाइते भएका छन्।

प्राधिकरणका अनुसार ती विपद्का घटनाबाट ७७ लाख ९२ हजार रुपैयाँ बराबरको आर्थिक क्षति भएको अनुमान गरिएको छ। सबैभन्दा बढी बाराको जितपुरमा दाल बोकेको लु२ख ५९४१ नम्बरको ट्रकमा तार सर्ट भई आगलागी हुँदा ७० लाख बराबरको क्षति भएको प्राधिकरणले सार्वजनिक गरेको क्षतिको विवरणमा उल्लेख छ।

Advance Pathology Lab

विश्वसनीय स्वास्थ्य परीक्षणको लागि तपाईंको आफ्नै ल्याब
हामीकहाँ आधुनिक प्रविधिबाट सुसज्जित प्रयोगशाला, अनुभवी प्राविधिक र छिटो तथा भरपर्दो रिपोर्टको व्यवस्था छ।

तपाईंको स्वास्थ्य, हाम्रो जिम्मेवारी।

- छिटो र भरपर्दो रिपोर्ट
- आधुनिक मेसिन र अनुभवी टेक्निसियन
- सबै प्रकारका रगत तथा पिसाब परीक्षण
- उचित शुल्कमा गुणस्तरीय सेवा

Advance Pathology Lab
ISO 15189 -2022 certified lab
Birtamode-1, Charpane, Jhapa
023-536070, 9817032003
Email:advancelab2010@gmail.com

## चिनी निर्यातमा प्रतिबन्ध लगाएपछि उद्योगी चिन्तामा

**विराटनगर, जेठ ५।** प्लास्टिकजन्य उद्योगहरू सङ्कटमा परेका बेला जुस बिस्कुट र चकलेट उद्योगहरूमा पनि सङ्कट आउने भन्दै उद्योगीहरू चिन्तित भएका छन्।

मध्यपूर्वमा भएको युद्धका कारण प्लास्टिकजन्य उद्योगहरू धराशायी भएका बेला भारतले चिनी निर्यातमा प्रतिबन्ध लगाएसँगै बिस्कुट, जुस र चकलेट उद्योगहरूमा पनि सङ्कट आउन सक्ने भन्दै उद्योगीहरूमा चिन्ता थपिएको हो।

अहिले प्लास्टिक उद्योगलाई चाहिने कच्चा पदार्थ नआउँदा अधिकांश प्लास्टिक उद्योग बन्द हुने अवस्थामा पुगेका छन्। प्लास्टिक उद्योगहरूले



कच्चा पदार्थ अभावमा ७० प्रतिशतसम्म उत्पादन कटौती गर्दा त्यहाँ कार्यरत हजारौं मजदुरले रोजगारी गुमाएका छन्।

यही अवस्थामा भारत सरकारले सन् २०२६को सेप्टेम्बर ३० सम्मका लागि चिनी निकासीमा (निर्यातमा) प्रतिबन्ध लगाएपछि नेपालका उद्योगी र व्यवसायीहरूमा चिन्ता छाएको छ।

नेपालको आन्तरिक उत्पादनले मात्र बजार र उद्योगको माग धान्न सक्ने अवस्था नरहेको भन्दै बेलैमा विकल्प खोज्न पर्ने उद्योगीहरूको सुझाव छ। अहिलेलाई चिनीको स्टक रहे पनि यो प्रतिबन्ध कायमै रहे नेपालका जुस, बिस्कुट, चकलेट लगायतका उद्योगहरू सङ्कटमा पर्ने उद्योगीहरूले बताएका छन्। भारतले कम उत्पादन भएको कारण देखाउँदै चिनी निकासीमा रोक लगाएको हो। नेपाल चिनी उत्पादक संघले मौज्दात पर्याप्त रहेको र मूल्य नबढाइएको जानकारी गराएको छ। संघका अनुसार चालू क्रसिङ सिजनसम्म १३ वटा चिनी उद्योग सञ्चालनमा आएका छन्।

ती उद्योगहरूले १ लाख ९० हजार ८७० मेट्रिक टन चिनी उत्पादन गरेका छन्। उत्पादनमध्ये करिब १ लाख ८ हजार मेट्रिक चिनी उद्योगमै मौज्दात रहेको संघले जनाएको छ। बजारमा व्यवसायीहरूसँग अनुमानित २० हजार मेट्रिक टन चिनी मौज्दात रहेको अनुमान रहेको छ। चिनी उत्पादन संघले चिनी मौजुद रहेको र सङ्कट नआउने भने पनि भारतबाट इलिगल च्यानलबाट चिनी आउने भएकाले त्यो रोकिए नेपाली उत्पादनले लामो समय धान्न नसक्ने उद्योगीहरू बताउँछन्। दैनिक उपभोगका

*(बाँकी अन्तिम पृष्ठमा)*

## लागूऔषधसहित ९ जना पक्राउ

**विराटनगर, जेठ ५।** झापा र सुनसरीबाट प्रतिबन्धित लागूऔषधसहित ९ जनालाई प्रहरीले पक्राउ गरेको छ।

इलाका प्रहरी कार्यालय अनारमनीबाट खटिएको प्रहरी टोलीले झापाको बिर्तामोड नगरपालिका-५ शनिश्चरे रोड पाथीभरा टोलबाट बिर्तामोड-१का १९ बर्षीय अभिषेक राईलाई ब्राउन सुगर ११० मिलिग्राम, आस्पाम नामक प्रतिबन्धित औषधि ४ ट्याब्लेटसहित र बिर्तामोड-५ ईन्द्रेणी टोलबाट ब्राउन सुगर १९० मिलिग्रामसहित कारोबारमा संलग्न सोही स्थानका ३५ बर्षीय हरसिंह राजबंशी, २१ बर्षीय राजु राजवंशी, विर्तामोड-६का ४४ बर्षीय सन्तोषकुमार पराजुली र बिर्तामोड-९का २२ बर्षीय प्रशान्त खड्कालाई पक्राउ गरेको हो।

त्यसैगरी इलाका प्रहरी कार्यालय काँकरभिट्टाबाट खटिएको प्रहरी टोलीले झापाको मेचीनगर-६ पुरानो मेची पुलबाट भारतबाट नेपालतर्फ आउँदै गरेको प्र.१-०१-००२ह ७३१२ नम्बरको सिटी सफारी चालक सोही स्थान भानुटोलका ३८ बर्षीय जीवन घिमिरेलाई ब्राउनसुगर ११ ग्राम २०० मिलिग्राम सहित पक्राउ गरेको हो।

त्यसैगरी इलाका प्रहरी कार्यालय दमकबाट खटिएको प्रहरी टोलीले झापाकै दमक-६स्थित बसपार्कबाट दमक नगरपालिका १ बस्ने २७ बर्षीया विमला दाहाललाई ब्राउन सुगर ६ ग्राम ८४० मिलिग्रामसहित पक्राउ गरेको छ। त्यस्तै अस्थायी प्रहरी चौकी बरगाछी धरानबाट खटिएको प्रहरी टोलीले धरान उपमहानगरपालिका-८ सम्पाङ चौकबाट सुनसरी हरिनगरा गाँउपालिका-६ बस्ने २१ बर्षीय अंजक अन्सारी र हरिनगरा गाँउपालिका-७ बस्ने १८ बर्षीय अब्दुल वाहिद अन्सारीलाई ट्रामाडोल २००० क्याप्सुल र डिकोलिक २००० ट्याब्लेटसहित पक्राउ गरेको छ। पक्राउ परेका सबै जनाको थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

## दुई थान पेस्तोलसहित मगर भारतमा पक्राउ



**बिर्तामोड, जेठ ५।** नेपाल-भारतको सीमा क्षेत्रबाट दुई थान घरेलु पेस्तोलसहित एक नेपाली नागरिक भारतमा पक्राउ परेका छन्। सीमामा तैनाथ भारतको सशस्त्र सीमा बल (एसएसबी) ४१औँ बाहिनी अन्तर्गत कादोमनीजोत ईकम्पनीका जवानहरूले उनलाई पेस्तोलसहित पक्राउ गरेको हो।

पक्राउ पर्नेमा झापाको मेचीनगर नगरपालिका-७ कालीखोला, काँकरभिट्टा निवासी ३१ वर्षीय नवीन थापामगर रहेका छन्। उनलाई गोप्य सूचनाका आधारमा भारतको भालुगाडा क्षेत्रमा नियन्त्रणमा लिइएको भारतीय सञ्चारमाध्यमहरूले जनाएका छन्। एसएसबीका जवानहरूले शङ्कास्पद अवस्थामा रहेका मगरलाई जाँच गर्ने क्रममा उनको साथबाट दुई थान घरेलु पेस्तोल, एक थान म्यागजिन तथा ४ सय भारतीय रुपैयाँ बरामद गरेको जनाएको छ। प्रारम्भिक अनुसन्धानका क्रममा मगरले पैसाको लोभमा परी भारतको बिहार राज्य अन्तर्गत किशनगञ्ज जिल्लाको गलगलियाबाट पानीटंकीसम्म अवैध हतियार ओसारपसार गर्ने गरेको खुल्न आएको बताइएको छ।

एसएसबीले आवश्यक कागजी प्रक्रिया पूरा गरेपछि बरामद हतियार र पक्राउ परेका मगरलाई थप अनुसन्धान तथा कारबाहीका लागि खोरीबाडी थाना प्रहरीलाई बुझाएको छ। भारतीय प्रहरीले मगरबिरुद्ध आर्म्स एक्ट अन्तर्गत मुद्दा दर्ता गरेको छ। उनलाई शिलगढी जिल्ला अदालतमा पेश गरिने जनाइएको छ।

## तीन अर्ब ६१ करोड राजश्व संकलन

**भद्रपुर, जेठ ५।** आन्तरिक राजश्व कार्यालय भद्रपुरले चालूआर्थिक वर्ष २०८२/०८३ को १० महिनामा रु. तीन अर्ब ६१ करोड ८४ लाख २२ हजार राजश्व सङ्कलन गरेको छ। यो रकम सो अवधिका लागि तय गरिएको लक्ष्यको ८२ दशमलव २१ प्रतिशत हो।

कार्यालयका कर अधिकृत डिल्लीराम चम्लागाँईका अनुसार चालू आवको वैशाख मसान्तसम्म रु. चार अर्ब ४० करोड १५ लाख ४० हजार राजश्व सङ्कलन गर्ने लक्ष्य राखिएको थियो। वैशाख महिनामा मात्र रु. ४२ करोड ८५ लाख ६३ हजार राजश्व सङ्कलन गर्ने लक्ष्य रहेकामा लक्ष्यको ८३ दशमलव ८७ प्रतिशत मात्र सङ्कलन भएको उनले जानकारी दिए।

कार्यालयको तथ्याङ्क अनुसार चालू आवको वैशाख महिनासम्ममा आयकरबाट रु. एक अर्ब ६८ करोड ६८ लाख ६७ हजार, मूल्य अभिवृद्धि करबाट रु. एक अर्ब २८ करोड ८० लाख १० हजार तथा अन्तःशुल्कबाट रु. ४९ करोड ९७ लाख ३२ हजार राजश्व सङ्कलन भएको छ।

कार्यालयले करदाता सचेतना, नियमित अनुगमन तथा कर प्रशासनलाई प्रभावकारी बनाउँदै राजश्व सङ्कलन वृद्धि गर्ने प्रयास जारी रहेको जनाएको छ।

## ठक्करबाट साइकलमा सवार दुई जनाको मृत्यु

**विराटनगर, जेठ ५।** कोशी लोकमार्ग अन्तर्गत विराटनगर महानगरपालिका-१४ हनुमान मन्दिर अगाडि मंगलबार अपरान्ह ग्यास बुलेटको ठक्करबाट साइकलमा सवार दुई जनाको मृत्यु भएको छ।

इलाका प्रहरी कार्यालय रानीका अनुसार विराटनगरबाट रानीतर्फ आउँदै गरेको एएस ०१ एफसी ०९१९ नम्बरको एलपी ग्यास बुलेटले साइकल यात्रीलाई ठक्कर दिएको हो। दुर्घटनामा परेर अन्दाजी ४०/४५ वर्षका पुरुष र १३/१४ वर्षकी बालिकाको मृत्यु भएको प्रहरीले जनाएको छ। दुवै जनाको नाम र वतन खुल्न नसकेको प्रहरीले जनाएको छ।

घाइते अवस्थामा कोशी अस्पताल पुर्‍याइएका उनीहरूलाई चिकित्सकले मृत घोषणा गरेका थिए। घटनापछि ग्यास बुलेट र चालक भारत घर भएका ४५ वर्षीय रामलाल सहनीलाई प्रहरीले नियन्त्रणमा लिएको छ। आक्रोशित भीडले बुलेट समेत तोडफोड गरेको प्रहरीले जनाएको छ।

## प्रधानन्यायाधीशमा डा. शर्मा सर्वसम्मत अनुमोदन



**काठमाडौँ, जेठ ५।** प्रधानन्यायाधीशमा डा. मनोजकुमार शर्माको नाम सर्वसम्मत अनुमोदन भएको छ।

मङ्गलवार बसेको संसदीय सुनवाइ समितिको बैठकले शर्मालाई प्रधानन्यायाधीशमा सर्वसम्मत अनुमोदन गरेको हो। यसअघि शर्माको समितिमा सुनुवाइ गरिएको थियो। अब संसदीय समितिको अनुमोदनसँगै उनलाई राष्ट्रपतिले प्रधानन्यायाधीशमा नियुक्त गर्ने कानूनी व्यवस्था रहेको छ। शर्मालाई गत वैशाख २४ गते बसेको संवैधानिक परिषद्को बैठकले प्रधानन्यायाधीशमा सिफारिस गरेको थियो।

### आधा ...

मेची भन्सार कार्यालयका कर्मचारीहरूले शङ्का लागेर संयुक्त जाँच गर्दा भारतीय नागरिक पाठकले बोकेको कालो झोलाभित्र अवैध सुन र विदेशी मुद्रा फेला परेको बताइएको छ।

### मदिरा ...

कारणबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ। जिल्ला अदालत झापाबाट पाँच दिनको म्याद थप गरी अनुसन्धान प्रक्रिया अघि बढाइएको छ। सामान्य भनिएको धकेलाइले ज्यानै जाने अवस्था सिर्जना भएपछि यो घटनाले समाजमा बढ्दो मदिरा दुर्व्यसन, आवेगपूर्ण व्यवहार र त्यसले निम्त्याउने हिंसाका घटनाबारे पुनः बहस शुरु गराएको छ।

प्रहरीका अनुसार पछिल्ला वर्षहरूमा मदिरा सेवनपछि हुने झैझगडा र त्यसबाट निम्तिने गम्भीर अपराधका घटना बढ्दै गएका छन्। विशेषगरी युवापुस्तामा अत्यधिक मदिरा सेवनपछि नियन्त्रण गुमाउने प्रवृत्तिले सामान्य विवादलाई पनि हिंसात्मक मोडमा पुर्‍याउने गरेको प्रहरी अधिकारीहरू बताउँछन्।

### चिनी ...

लागि नेपाली उपभोक्ता चिनी किन्न भारतीय सीमावर्ती बजारमा पुग्ने गरेका छन्।

सरकारले एक सय रुपैयाभन्दा बढीको सामानमा भन्सार लिने निर्णय गरेपछि दैनिक उपभोगका लागि इलिगल च्यानलबाट आउने चिनी रोकिएको र यसले माग र आपूर्तिको सन्तुलन नमिल्ने उद्योगी बताँउछन्। भारतीय सीमावर्ती बजारमा अहिले खुद्रा चिनीको मूल्यप्रति किलो ६५देखि ७० रुपैयाँ छ।

सीमानाको नेपाली बजारमा एक किलो चिनीको मूल्य ९० रुपैयाँ देखि एक सय रुपैयाँ पर्छ। यसले गर्दा अधिकांश उपभोक्ता चिनी किन्न भारत पुग्ने गरेका थिए। केही समय यता एक सय रुपैयाँभन्दा बढीको सामान आयातमा सरकारले कडाइ गर्दै आएको छ। भन्सारमा भएको कडाइसँगै माग र आपूर्तिको सन्तुलन बिग्रने उद्योगीहरू बताउँछन्।

उद्योगी सगुन बोहराले भारतमा बेमौसमी वर्षा र मौसमको प्रतिकूलताका कारण उखु उत्पादनमा गिरावट आएको बताए। उनले यही समस्याका कारण भारतले निर्यात रोक्ने निर्णय गरेको भन्दै भारतले चिनीको निर्यातमा प्रतिबन्ध लगाउँदा नेपालमा पनि दीर्घकालीन रूपमा असर पर्ने बताए। उनले भने- अहिले नै चिनी अभावमा उद्योगहरू बन्द नभए पनि केही समयपछि यसको असर पर्छ। नेपालका बिस्कुट, जुस र चकलेट उद्योगहरूमा सङ्कट आउँछ।

चालूआर्थिक वर्षको हालसम्म नेपालमा करिब ६०-७० हजार मेट्रिक टन चिनी आयात भएको छ। भारतले निर्यात रोके यसको असर ५ महिनापछि देखिने चकलेट तथा बिस्कुट उद्योगी महेश जाजू बताउँछन्। उनले दशैं र तिहार जस्ता चाडबाडको समय आउने बेलासम्ममा चिनीको अभाव हुनसक्ने बताए।

उद्योग परिसंघ कोशीका अध्यक्ष पवन सारडाले नेपाली उत्पादनले केही महिना धाने पनि त्यसपछि के हुने हो ? भन्न सक्ने अवस्था नरहेको बताए। उनले भने नेपालमा जति चिनी आवश्यक पर्छ, त्यति चिनी यहाँ उत्पादन हुँदैन। भारतले निर्यातमा रोक लगाउँदा यसको असर त पर्छ।

भारतमा २०२५-०२६को सिजनमा २ करोड ७५ लाख चिनी उत्पादन भएको छ। भारतमा वार्षिक २ करोड ८० लाख टन चिनी आवश्यक पर्दछ। मागभन्दा उत्पादन कम हुने र चिनीको मौज्दात पनि कम भएकाले भारत सरकारले चिनी निर्यातमा प्रतिबन्ध लगाएको हो।

तत्कालका लागि स्टकले धाने पनि नेपालको कूल माग र उत्पादनबीच खाडल रहेकाले ५ महिनापछि उद्योगहरू सङ्कटमा फस्ने उद्योगी महेश जाजूले बताए। उनले भने- चिनीलाई मुख्य कच्चा पदार्थको रूपमा प्रयोग गर्ने जुस, बिस्कुट, कन्फेक्सनरी र चकलेट उद्योगहरू सबैभन्दा बढी मारमा पर्छन्।

## रोकिएन जंगली च्याउ खाँदा मृत्यु हुने क्रम

**भरतपुर, जेठ ५।** चितवनको इच्छाकामना गाउँपालिका-१ कुलबाङमा जङ्गली च्याउ खाँदा गम्भीर बिरामी परेका तीन जना बालबालिकाको मृत्यु भएको छ।

मृत्यु हुनेमा नौ वर्षीया नमूना चेपाङ, ११ वर्षीय सञ्जय चेपाङ र १३ वर्षीया मनिता चेपाङ छन्। उनीहरू एउटै परिवारका सदस्य हुन्। राष्ट्रिय माध्यमिक विद्यालय हात्तीबाङका प्रधानाध्यापक लोकबहादुर मगरका अनुसार नमूनाको यही जेठ १ गते घरमा नै मृत्यु भएको थियो। सञ्जयको गत शनिबार राति उपचारका क्रममा निधन भएको हो भने मनिताको मंगलवार बिहान ६:०० बजे भरतपुर अस्पतालमा उपचारका क्रममा मृत्यु भएको उनले जानकारी दिए।

गत वैशाख २९ गते श्यामबहादुर चेपाङको पाँच जनाको परिवारले जङ्गलबाट ल्याइएको च्याउ पकाएर खाएका थिए। त्यसपछि उनीहरू बिरामी परेका थिए। गम्भीर अवस्थामा रहेका तीन बालबालिकालाई उपचारका लागि भरतपुर अस्पताल ल्याइएको थियो।

मृतक नमूना कक्षा २, सञ्जय कक्षा ३ र मनिता कक्षा ५ मा अध्ययनरत रहेको विद्यालयले जनाएको छ। मृत बालबालिकाका बुबाआमा भने सकुशल छन्। दुई वालबालिकाको दाहसंस्कार भइसकेको छ।

## श्रीलंका टापुबाट शुरु भयो 'महाराजधिराज' को छायाङ्कन



परिच्छेद सेनको निर्देशनमा बन्न लागेको फिल्म 'महाराजधिराज'को छायांकन शुरु भएको छ।

गतवैशाख २२ गते ललितपुरको बंगलामुखी मन्दिरमा पञ्चेबाजासहित शुभ मुहूर्त गरिएको यस फिल्मको सुनसरीको बराहक्षेत्रस्थित श्रीलंका टापुबाट छायांकन थालिएको हो। फिल्मका प्रस्तुतकर्ता विराज विष्टका अनुसार त्यहाँ करिब एक साता छायांकन हुनेछ।

७० दिनको छायांकन सेड्युल राखिएको यस फिल्ममा नीर शाह, रमेश उप्रेती, पुष्प खड्का, आर्यन सिग्देल, पूजा शर्मा, केकी अधिकारी, उषा रजक, गजित बिष्ट, जयकिशन बस्नेत, मोहन निरौला, दिनेश डिसी, सुशील सिटौला, हिउँवाला गौतमलगायत ८० भन्दा बढी कलाकारहरूको अभिनय रहनेछ। फिल्मको कथा पुष्पले निर्वाह गर्ने अधिराज पात्रको वरिपरि घुम्ने जनाइएको छ।

छत्रेश्वर म्यानेजमेन्टको ब्यानरमा निर्माण हुने फिल्ममा निर्देशक सेन स्वयंको लेखन रहेको छ। सेनको यो दोस्रो निर्देशकीय फिल्म हो। सन् २०२२मा प्रदर्शन भएको फिल्म 'प्रेमगन्ज'बाट उनले निर्देशकीय यात्रा सुरु गरेका थिए, जुन समीक्षात्मक रुपमा अब्बल ठहरिएको थियो। उनले २ वर्षको तयारीपछि 'महाराजधिराज' बनाउन लागेका हुन्।

यसपालिको दशैंको फूलपातीमा रिलिज गर्ने लक्ष्य राखिएको यस फिल्ममा रवि खड्का, शिवराज पौडेल र टोपेन्द्र विष्ट निर्माताको रूपमा छन्। निर्माण पक्षले फिल्मको कथावस्तुबारे भने जानकारी गराएको छैन। तर, शीर्षकले यो फिल्म पिरियड ड्रामा (कुनै ऐतिहासिक कालखण्डमा आधारित) हुने अनुमान गर्न सकिन्छ। 'महाराजधिराज'को अर्थ सबैभन्दा ठूलो राजा भन्ने हुन्छ।

### ग्लोबल ...

भनिएको मानसिक दबाब तथा पारिवारिक बयानलाई आधार बनाएर अनुसन्धान अघि बढाइएको छ।

घटनापछि मृतकका आफन्त र स्थानीयवासी आक्रोशित बनेका छन्। आरोपितहरूलाई पक्राउ गरी कानूनी प्रक्रिया अघि नबढाएसम्म शव नबुझ्ने अडान परिवारले लिएको बताइएको छ। परिवारजनले 'संगठित रूपमा मानसिक यातना दिइएको' दाबी गर्दै निष्पक्ष छानबिनको माग गरेका छन्। प्रहरी स्रोतका अनुसार जाहेरीमा नाम उल्लेख भएका व्यक्तिमध्ये बैंकका सीइओ रेग्मी हाल नेपालबाहिर रहेको प्रारम्भिक जानकारी प्राप्त भएको छ। अन्य अधिकारीसँग भने बयान तथा आवश्यक सोधपुछको तयारी भइरहेको जनाइएको छ।

नेपालको प्रचलित कानून अनुसार आत्महत्या गर्न उक्साउने, निरन्तर मानसिक यातना दिने वा त्यसतर्फ प्रेरित गर्ने गतिविधि प्रमाणित भए आत्महत्या दुरुत्साहन अन्तर्गत फौजदारी अभियोग लाग्न सक्छ। तर, यस्तो प्रकृतिका घटनामा सामाजिक सञ्जालमा लेखिएका अभिव्यक्ति मात्र पर्याप्त आधार नहुने भएकाले अनुसन्धानले मनोवैज्ञानिक, प्रशासनिक र परिस्थितिजन्य सबै पक्ष केलाउने कानूनी जानकारहरू बताउँछन्। घटनाबारे ग्लोबल आइएमई बैंकको औपचारिक धारणा भने सार्वजनिक भइसकेको छैन।

### प्रहरीमा ...

सूचना अधिकारी एवम् प्रहरी नायव उपरीक्षक दीपक पातलीका अनुसार विकलाई इलाका प्रहरी कार्यालय कोहलपुर बाँकेबाट खटिएको प्रहरी टोलीले पक्राउ गरेको हो। पक्राउ परेका विकमाथि थप कानूनी कारबाहीका लागि बाँके जिल्ला अदालतबाट ठगी मुद्दामा पाँच दिनको म्याद थप अनुमति लिइएको प्रहरीले जनाएको छ।


## सूचना ! सूचना !! सूचना !!!

**प्रथमपटक प्रकाशित मिति : २०८३/०२/०४**

**यस सहारा साकोस सिक्षासदन लाई आ.व.२०८२/०८३ को लागि तपशिल सामाग्रीहरु बिक्री गर्न इच्छुक फर्मबाट निम्न आवश्यक कागजहरु संलग्न राखी ७ दिनभित्र कार्यालय समयमा बोल–पत्र आव्हान गरिन्छ।**

| S.No. | Particular | Quantity | Remarks |
|---|---|---|---|
| 1 | 65"/75" 4K Interactive Flat Panel Display with accessories (Screen Size: 65/75 inches, Resolution: 4K UHD (3840 × 2160), Touch Points: 20-50 point multi-touch , Memory 8 GB, Storage 64GB or 128GB, Built-in Android System 13 or 14 version, Built-in speakers, Camera Up to 48 MP etc.) | 17 PC | High priority to brand and latest version. |

**शर्तहरु :**

१) फर्मको नाम, ठेगाना, भ्याट नम्बर, सम्पर्क नम्बर, फर्मको छाप, हस्ताक्षर स्पष्ट लेखिएको हुनुपर्नेछ।
२) फर्मको लेटर प्याडमा बोलपत्र प्रस्तुत गरिएको निवेदन लेख्नु पर्नेछ।
३) बोलपत्रमा फर्मको ब्यवसाय प्रमाण–पत्र प्रतिलिपि, कर चुक्ता प्रमाण–पत्र प्रतिलिपि, मूल्य अभिवृद्धि कर प्रमाण–पत्रको प्रतिलिपि, तथा अन्य आवश्यक कागजातहरुको फोटोकपी संलग्न हुनु पर्नेछ।
४) समय नाघि वा रीत पूरा नगरी प्राप्त भएका बोलपत्रलाई मान्यता दिइने छैन।
५) एक पटक पेश गरिएको शिलबन्दी दरभाउ पत्र फिर्ता वा संशोधन गर्न पाईने छैन।
६) फर्मले संस्थालाई गुणस्तरीय सामानहरु उपलब्ध गराउनुपर्नेछ।
७) बोलपत्र स्वीकृत गर्ने/नगर्ने, रद्द गर्ने र स्थगन गर्ने सम्पूर्ण अधिकार संस्थामा सुरक्षित रहनेछ।

**सहारा साकोस शिक्षा सदन, बिर्तामोड–२, चारपाने**
**फो.न. ०२३–५३३७१६/ मो.नं. ९८०१९२०५२२**



**अर्जुनधारा नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**शनिश्चरे, झापा कोशी प्रदेश, नेपाल**

**सँधियारका नाममा जारी गरिएको सात दिने सूचना**

अर्जुनधारा नगरपालिका वडा नं. ६ श्री हर्कबहादुर गुरुङको नाममा दर्ता रहेको तपशिल बमोजिमको जग्गामा भवन निर्माण नक्सा पास तथा निर्माण कार्यको अनुमति पाउँ भनी निवेदन तथा नक्सा घर नक्सा पेश गर्नु भएकोमा र स्थलगत सर्जमिन गर्न जाँदा संधियारको उपस्थिति नरहेकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ३१ को उपदफा क प्रयोजनका लागि यो सात दिने सुचना प्रकाशित गरिदिनुहुन अनुरोध छ।

**तपशिल**

१. पूर्व तर्फ :– श्री कृष्ण आङ्सो लिम्बू २. पश्चिम तर्फ :– श्री सुजन गुरुङ्ग
३. उत्तर तर्फ :– आफ्नै ४. दक्षिण तर्फ :– बाटो/ उषा राई

| जग्गा रहेको स्थान | कित्ता नं. | क्षेत्रफल | सर्जमिन मिति | प्रकाशित मिति |
|---|---|---|---|---|
| अर्जुनधारा–०६ | १९६३७, १८२१ | ०–१–१८.७५ | २०८३।०२।०४ | २०८३।०२।०६ |



**अर्जुनधारा नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**शनिश्चरे, झापा कोशी प्रदेश, नेपाल**

**सँधियारका नाममा जारी गरिएको सात दिने सूचना**

अर्जुनधारा नगरपालिका वडा नं. ६ का उमा श्रेष्ठको कि.नं. ३२६०, ३२६४ को ज.वि. ०–०–१९.२५ क्षेत्रफल जग्गामा निर्माण भएको आरसीसीको स्थलगत सर्जमिन गर्न जाँदा तपाई निम्नानुसारका संधियार अनुपस्थित रहेकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४को दफा ३१ को उपदफा (क) प्रयोजनका लागि यो सात दिने सूचना प्रकाशित गरिएको छ।

निम्न

| दिशा | संधियारको नाम, थर | सर्जमिन मिति | प्रकाशित मिति | कैफियत |
|---|---|---|---|---|
| पूर्व<br>पश्चिम<br>उत्तर<br>दक्षिण | श्री खगेन्द्रकुमारी लुइँटेल<br>श्री ध्रुव प्रधान<br>श्री आफै<br>बाटो | २०८३।०१।२९ | २०८३।०२।०६ | |



**बिर्तामोडमा 4D भिडियो एक्स-रे र ल्याव सेवा**

**वरिष्ठ रेडियोलोजिष्ट डा. संजयकुमार गुप्ताद्वारा**
**निशा एडभान्स अल्टासाउण्ड एण्ड डायग्नोष्टिक क्लिनिकमा**

- **प्रत्येक दिन बिहान ६:०० बजेदेखि ८:३० बजे र बेलुका २:०० बजेदेखि ८:०० बजेसम्म**
- **पश्चिम बस स्टेण्ड उत्तर, बिर्तामोड-५, झापा**




**हाम्रा सेवाहरु**

- Fetal Echo, Fibro Scan Liver (पहिलोपल्ट)
- विशेषज्ञद्वारा ओ.पी.डी. सेवा
- निसन्तान परामर्श केन्द्र
- 12 Lead ECG,
- सुपथ मूल्यको फार्मेसी सेवा
- अत्याधुनिक प्याथोलोजी ल्याव
- 4D भिडियो एक्स–रे
- Anomaly Scan, TVS
- रक्त नलिको Colour Doppler
- Advance CT Scan

**सम्पर्क नं. : ०२३–५९०१९४, ९८०१५६६४७८, ९८१७९८४६४६**



**झापा जिल्ला अदालत**
**भद्रपुर, झापाको**

**सूचना ! सूचना !! सूचना !!!**

झापा जिल्ला अदालतबाट जारी भएको गुरुदेव चौधरीको नाती बाबुलाल चौधरीको छोरा जिल्ला झापा साविक चन्द्रगढी गा.वि.स. वडा नं. ०६ हाल परिवर्तित ऐ. भद्रपुर न.पा वडा नं. १० बतन भएका प्यारेलाल चौधरी, प्यारेलाल चौधरीको श्रीमती ऐ.ऐ. बतन भएकी रामप्यारी चौधरी,बाबुलाल चौधरीको नाती प्यारेलाल चौधरीको छोरा ऐ.ऐ. बतन भएका गोविन्द चौधरी र बाबुलाल चौधरीको नाती प्यारेलाल चौधरीको छोरा ऐ.ऐ. बतन भएका भिम चौधरीको मृत्युको न्यायिक घोषणा सम्बन्धी निजहरुको नाउँको १५ (पन्ध्र) दिनको म्याद सूचना।

प्रस्तुत विषयमा जिल्ला झापा भद्रपुर न.पा वडा नं. १० बस्ने बिशाल चौधरीले मेरो हजुरबुवा प्यारेलाल चौधरी बि.स. २०६८ सालमा, हजुरआमा रामप्यारी चौधरी बि.स. २०४० सालमा, बाबु गोबिन्द चौधरी बि.स. २०६७ सालमा र काका भिम चौधरी बि.स. २०६१ सालदेखि एक्कासी घर छाडी हिंडी हालसम्म पनि घर नआएको र त्यस पश्चात खोजतलास गर्दा समेत हालसम्म फेला नपरेकोले निजहरुको मृत्युको न्यायीक घोषणा गरिपाउँ भनी यस अदालतमा निवेदन दिएकोमा उक्त निवेदनमा यस अदालतबाट मिति २०८३।०१।०८मा भएको आदेशानुसार प्यारेलाल चौधरी, रामप्यारी चौधरी, गोविन्द चौधरी र भिम चौधरीको नाउँको १५ (पन्ध्र) दिने म्याद पत्रिकामा प्रकाशित गरिएको छ। निजहरु जिवित भई मृत्युको न्यायिक घोषणा गर्नु नपर्ने कारण भए यो म्याद प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस अदालतमा हाजिर हुन आउनुहोला। अन्यथा कानून बमोजिम हुनेछ।

इति सम्वत् २०८३ जेठ ५ गते रोज ३ शुभम्।


श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित – कार्यालय : बिर्तामोड–१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ सह–सम्पादक : सुरेन्द्र भण्डारी ■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा प्रमुख : सोमनाथ भण्डारी ■ लेखा सहयोगी: मनिता अधिकारी ■ बजार व्यवस्थापक : लीला आचार्य (९७०८८२६९०५)
■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी ■ बिर्तामोड प्रतिनिधि: गोपाल अधिकारी–९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा (कार्यालय फोन : ०२३–५३१००२/प्रशासन/विज्ञापन : ०२३–५३००४४) Email: purwanchal2052@gmail .com

पूर्वाञ्चल

## सम्पादकीय

# नुन : भ्रम, यथार्थ र सचेतना

**भान्सा र नुन एकअर्काका पर्याय जस्तै हुन् । नुन बिनाको भान्सा त्यसैले निरर्थक हुन्छ । अर्थात् खानामा नुनको मिश्रण गर्न पाइएन भने खानाप्रति नै अरुचि जाग्छ । यस बाहेक पनि नुनको महत्त्व छ त्यो इतिहासमा, जनस्वास्थ्यसँग, अर्थतन्त्र र राज्यको उत्तरदायित्वसँग पनि जोडिएको छ। त्यसैले नुन मानव स्वास्थ्यसँग अन्तरंग जोडिएकाले संवेदनशील विषय पनि हो । कुनै दिन थियो इतिहासमा नेपालमा नुनकै अभाव थियो । तिब्बतबाट ल्याइने ढिके नुन नै नेपाली भान्सामा पुग्थ्यो तर त्यही नुन सबैको पहुँचमा थिएन। अर्थात् नेपालका दुर्गम र ग्रामीण बस्तीमा त्यही नुन पनि पाउन कठिन थियो ।**

**नेपालको इतिहासमा सबै नेपालीको भान्सामा सहज पहुँच नभएको नुनलाई विलाशिताको वस्तु ठानिन्थ्यो । तत्कालीन राजा महेन्द्रको देश भ्रमणको क्रममा पूर्वाञ्चलका जनताले 'नुन खान पाइएन' भन्दै गुनासो गरेका थिए । जनताको गुनासो तत्काल सुनुवाई गर्ने राजाकै निर्देशनमा नेपालमा साल्ट ट्रेडिङ कर्पोरेशनको स्थापना भयो । यसले देशभर नुनको आपूर्ति र वितरण मात्र गरेन, व्यापारको माध्यमबाट राष्ट्रको अर्थतन्त्रको मेरुदण्डका रुपमा समेत काम गर्‍यो । यसकै माध्यमबाट देशभर नुनको वितरण, मूल्यमा समानता र गुणस्तर सुनिश्चित गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गर्‍यो ।**

**नुन केवल जिब्रोको स्वाद होइन, यसको सम्बन्ध मानव स्वास्थ्यसँग पनि जोडिएको छ । मानव शरीरलाई नभइ नहुने आयोडिनको कमीले अनेक स्वास्थ्य जटिलता ल्याउन वैज्ञानिक अनुसन्धानहरुले पुष्टि गरेका छन् । खासगरी आयोडिनको कमीले गलगाँड हुने, थकान महशुस हुने, गर्भवती महिलामा भ्रुणको विकासमा असर गर्ने, बालबालिकाको मस्तिष्कको विकासमा अवरोध ल्याउने अनुसन्धानले देखाएको विज्ञहरुको भनाइ छ । नेपालमा गरिएको अध्ययनमा शुरुमा आयोडिनको कमीका कारण कूल जनसंख्याको आधाभन्दा बढीमा नुनजन्य समस्या पाइएको थियो ।**

**त्यही र विश्व स्वास्थ्य संगठनको मापदण्डका आधारमा नेपालमा गुणस्तरलाई ध्यान दिइएको छ । जसका कारण विगतका स्वास्थ्य समस्यामा कमी आएको तथ्यले देखाएको छ । पछिल्लो समय आयोडिनयुक्त नुन स्वास्थ्यका लागि अनुकूल नभएको भन्दै प्रयोगमा कमी आउन थालेको सन्दर्भमा त्यस्तो भ्रम तोड्न भन्दै बिर्तामोडमा उपभोक्ता सचेतना कार्यक्रम गरियो । जहाँ सम्बद्ध निकाय, पक्ष र विज्ञहरुले आयोडिनयुक्त नुन नियमित प्रयोग गर्न र अखाद्य नुनको बिक्रीवितरण रोक्न सम्बद्ध पक्षलाई सचेत गराए । सूक्ष्म पोषकतत्वका रुपमा रहेको गुणस्तरीय नुनको विषयमा भइरहेको प्रचार रोक्न र सबैभन्दा मूल्यवान धन मानव स्वास्थ्यको रक्षा गर्न उपभोक्ता समेत सचेत हुन जरुरी छ ।**

# अपाङ्गता भएका व्यक्तिको प्रतिभा प्रस्फुटन कार्यक्रम



**भद्रपुर, जेठ ५।** अपाङ्गता भएका व्यक्तिहरूमा लुकेर रहेका सिप, क्षमता र प्रतिभाको पहिचान गर्दै उनीहरूप्रति सकारात्मक दृष्टिकोण विकास गर्ने उद्देश्यले भद्रपुरमा प्रतिभा पहिचान तथा प्रस्फुटन कार्यक्रम सम्पन्न भएको छ ।

कोशी प्रदेश सामाजिक विकास मन्त्रालय, भद्रपुर नगरपालिका र करुणा फाउन्डेसन नेपालको त्रिपक्षीय लागत साझेदारीमा सञ्चालन भइरहेको 'अपाङ्गता रोकथाम तथा पुनर्स्थापना कार्यक्रम' अन्तर्गत उक्त कार्यक्रम गरिएको हो ।

स्थानीय अपाङ्गता समन्वय समितिकी संयोजक तथा भद्रपुर नगरपालिकाकी उपप्रमुख राधा कार्कीको अध्यक्षता तथा नगर प्रमुख गणेश पोखरेलको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा ह्विलचेयर दौड, चेस प्रतियोगिता तथा सुन्दर अक्षर लेखन प्रतियोगिता गरिएको थियो । साथै गायन, नृत्य, कविता, मादल वादन र मुक्तक प्रस्तुति समेत गरिएको थियो ।

चेस प्रतियोगितामा भद्रपुर-५ का चन्दनकुमार महतो प्रथम, भद्रपुर-९ का धनबहादुर सुनुवार द्वितीय र भद्रपुर-५ का तिनताल राजवंशी तृतीय भएका छन् । ह्विलचेयर दौड प्रतियोगितामा भद्रपुर-३ का हर्कमान विश्वकर्मा प्रथम, भद्रपुर-४ का दिनलाल माझी द्वितीय, प्रमेश तामाङ तृतीय तथा भद्रपुर-८ का पूरणदास भट्टराई सान्त्वना भए ।

त्यस्तै सुन्दर अक्षर लेखन प्रतियोगितामा भद्रपुर-७ का अजय सुवेदी प्रथम, भद्रपुर-४ का भेषराज काफ्ले द्वितीय, भद्रपुर-३ का हर्कमान विश्वकर्मा तृतीय तथा भद्रपुर-५ का तरुण राजवंशी सान्त्वना भए । प्रथम, द्वितीय, तृतीय र सान्त्वना हुनेहरूलाई क्रमशः पाँच हजार, चार हजार, तीन हजार र दुई हजारले पुरस्कृत गरिएको थियो ।

कार्यक्रममा दुई सय जनाभन्दा बढी अपाङ्गता भएका व्यक्तिहरूको सहभागिता रहेको थियो । ती मध्ये ४० जनाले विभिन्न प्रतियोगितामा भाग लिनुका साथै आफ्ना कला र प्रतिभा प्रस्तुत गरेका थिए । प्रतियोगिता तथा अन्य विधामा सहभागी सम्पूर्ण प्रस्तुतिकर्तालाई प्रोत्साहन स्वरूप नगद रु एक हजार र प्रमाणपत्र प्रदान गरिएको सामाजिक विकास शाखाका नरेन्द्र प्रधानले जानकारी दिए ।

कार्यक्रममा वडा नम्बर ५ का कार्यवाहक अध्यक्ष जेष्ठमल ठाकुर, कार्यपालिका सदस्य सीताकुमारी गुरुङ, करुणा फाउण्डेसन नेपालका जिल्ला संयोजक निश्चल घिमिरे, पालिका संयोजक अञ्जना लामिछाने, भद्रपुर सहयात्री संस्थाका अध्यक्ष धनजुजु श्रेष्ठ, शिक्षा शाखा प्रमुख पवित्रा ढकाल, नेपाल अपाङ्ग संघ (खगेन्द्र नवजीवन केन्द्र) भद्रपुरका कार्यवाहक अध्यक्ष पवन श्रेष्ठ, झापा नेत्रहीन संघका पूर्व अध्यक्ष तथा स्थानीय अपाङ्गता समन्वय समितिका उपाध्यक्ष द्रोणाचार्य निरौला, मेची बहिरा संघका अध्यक्ष देवीप्रसाद निरौला, रेडक्रस सोसाइटी उपशाखा भद्रपुरका सभापति केदार महत तथा कञ्चनजङ्घा अपाङ्ग कल्याण संघका अध्यक्ष कृष्णप्रसाद गेलाल लगायतको उपस्थिति रहेको थियो ।

सामाजिक विकास शाखा प्रमुख जीवनकला राउतले स्वागत गरेको कार्यक्रमको सञ्चालन सहजकर्ता पूजा श्रेष्ठले गरेकी थिइन् । दोभासेको रुपमा सहजीकरण मेची बहिरा सङ्घकी सहजकर्ता रिया पोखेलले गरेकी थिइन् । भद्रपुर नगरपालिका सामाजिक विकास शाखाको आयोजना तथा भद्रपुर सहयात्री संस्थाको समन्वयमा कार्यक्रम सम्पन्न भएको हो ।

# साइबर अपराध र कानून तथा समय व्यवस्थापन सम्बन्धी सचेतना

**बिर्तामोड, जेठ ५।** वडामा सञ्चालित कक्षा ८ देखि माथिका विद्यालय तहका बालबालिकालाई लक्षित गरी बिर्तामोड नगरपालिका-६ मा सञ्चालित एकदिने प्रविधि, सामाजिक सञ्जालको प्रयोग साइबर अपराध र कानून विषयक सचेतनामूलक कार्यक्रम सम्पन्न भएको छ ।

बिर्तामोड नगरपालिका-६ को सहयोग र जनआन्दोलन साप्ताहिकको आयोजनामा सञ्चालित सचेतनामूलक कार्यक्रममा विद्यालयस्तरका बालक्लब, वडास्तरीय बालक्लव र विद्यालयका बालबालिकाहरुको सहभागिता रहेको थियो ।

कार्यक्रममा साइबर अपराध के हो ? साइबर अपराध हुनुका कारण, साइबर अपराधका प्रकार, नेपालमा देखिएका साइबर अपराधका प्रवृत्तिहरु र त्यस्ता अपराधमा फस्ने कारणहरुका विषयमा इलाका प्रहरी कार्यालय अनारमनीका प्रहरी सहायक निरीक्षक प्रदिप आलेमगर सहजीकरण गरेका थिए ।

त्यस्तै सामाजिक सञ्जालको सुरक्षित प्रयोग तथा किशोरावस्था र युवावस्थामा आर्थिक प्रभाव, प्रेमजाल लगायतका कारणबाट उत्पन्न समस्याबारे जानकारी गराइएको कार्यक्रममा प्रविधिबाट हुन सक्ने अन्य डिजिटल वालेटको प्रयोग, साइबर बुलिङ, फेक आइडीबाट हुने प्रविधिय आक्रमण, सट्टेबाजी खेलका प्रकार र कानूनी व्यवस्थाबारे सहजकर्ता आलेमगरले सचेत गराएका थिए ।

त्यसैगरी सहजकर्ता भिमा शिवाकोटीले सामुहिक एकता, बालबालिकाको भावना, समयको सही प्रयोग व्यवस्थापन र त्यसले जीवनमा पार्ने प्रभावबारे सहजीकरण गरेकी थिइन् ।

कार्यक्रमकी प्रमुख अतिथि बिर्तामोड नगरपालिका-६ की वडासदस्य गीता शर्मा रेग्मीले उद्घाटन गरेको कार्यक्रममा प्रमुख अतिथि रेग्मी, वडा सदस्य जीवन बाँस्कोटा, एभरेष्ट स्मार्ट एजुकेशन एकेडेमीका प्रिन्सिपल अनुप शर्मा लगायत शुभकामना मन्तव्य राखेका थिए ।

कार्यक्रममा सरस्वती माविका शिक्षक प्रतिनिधि विष्णुप्रसाद पोखरेल, एभरेष्ट स्मार्ट एजुकेशन एकेडेमीकी तृष्णा अधिकारी, सन्ध्या ढुङ्गेल, युनिसा उप्रेती र नुमा लम्जेल जिज्ञासा राखेका थिए । एभरेष्ट बाल क्लवका अध्यक्ष रिदम खड्काको अध्यक्षता तथा सचिव आरुसी शिवाकोटीले स्वागत गरेको कार्यक्रमको सञ्चालन इन्दु पूर्वेलीले गरेकी थिइन् ।


**भर्ना खुल्यो**
डे. केयर स्कूलमा १८ महिनादेखि ५ बर्षसम्मका (१० देखि ३ बजेसम्म)
१) सुन्दर, शान्त रमाइलो वातावरण
२) तालिमप्राप्त अनुभवी शिक्षक, शिक्षिका
३) खेल्दै नाच्दै गाउँदै पढाइ हुने ।
४) पौष्टिक आहार (खाना, खाजा)
५) यातायातसहित थुप्रै सुविधायुक्त ।
KINDER
किन्डर हाउस
भद्रपुर रोड (बिर्तामोड)
ने.वि.प्रा.गेट पूर्व
९८४२१०७८१९, ९८४१५५९७२९

**सिलिङ्ग सम्बन्धीको सम्पूर्ण काम गर्नुपरेमा हामीलाई सम्झनुहोस्**
यहाँ गुणस्तरीय सामानको प्रयोग गरी जिप्सन, फल्ससिलिङ, २x२ जिप्सन तथा २x२ सिमेन्ट बोर्ड सिलिङ्ग साथै पीभीसी सिलिङ्ग र सिमेन्ट बोर्ड पाटेसन सम्बन्धी सम्पूर्ण काम दक्ष प्राविधिकबाट गरिनुका साथै सिलिङ्ग सम्बन्धी सम्पूर्ण सामान होलसेल तथा खुद्रा मूल्यमा उपलब्ध छ। आजै सम्पर्क गर्नुहोस् मौकाको फाइदा लिनुहोस् ।
बिर्तामोड :
झापा फल्स सिलिङ्ग हाउस
९८१७९९७२१२, ९८२५९१४४३०
उर्लाबारी : उर्लाबारी इन्टेरियर डेकोर
फोन नं. : ९८११३४८२४३

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।
**झापा सेफ्टी ट्यांकी तथा ढल सफाई**
बिर्तामोड सम्पर्क
राजकुमार श्रेष्ठ
९८५२६४६००५, ९८०६०१०४१०
९८४२६६३४६२, ०२३-५४६००५
दमक सम्पर्क:
देवी सिटौला
९८२४९७९१८५,
९८४२७६०२६५,
९८४२३३२४३०
झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।

**घर ढलान गर्नुछ ?**
तपाईको सेवामा सधैं
चन्द्र सूर्य आर.एम.सी.
झापा तथा इलाम जिल्लामा घर ढलान, बाटो, पुल-पुलेसाका तथा भौतिक संरचनामा उच्च गुणस्तर कंक्रिट ढलानका लागि आधुनिक रुपमा अनुभवी कामदारबाट काम गर्नुपरेमा सधैं सम्झनुहोस् ।
सेवामा २४सैं घण्टा उपलब्ध छौं ।
सम्पर्क :
९८०२३१३२९०
९८२४०५७७०७
९८०२३१३२९३

उच्च गुणस्तर सुलभ मूल्य
**सयपत्री बालुवा प्रशोधन उद्योग**
यहाँ आधुनिक प्रविधिद्वारा प्रशोधित बालुवा, गिटी आदि निर्माणजन्य सामग्री सुपथ मूल्यमा पाइनुका साथै तुरुन्त डेलिभरी समेत गरिन्छ ।
सम्पर्क : ९८६६२४२४६६
Whatsp:
९८४२६५४४००/९८०४९५४४००
अर्जुनधारा नपा- ४, झापा

**ताप्लेजुङ -पाथीभरा सफल यात्रा**
बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बु, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस् ।
ताप्लेजुङ पाथीभरा काउन्टर
मो. : ९८०३२५०४७२
९८०१३६४०९३

**सेफ्टी ट्यांकी चाहिएमा**
अब झापामा सेफ्टी ट्यांकी सफा गर्नु परेमा राम्रो सेफ्टी ट्यांकीलाई सम्पर्क गर्नुहोस् । *सस्तो, भरपर्दो, छिटो र छरितो सेवा उपलब्ध छ ।*
सम्पर्क: शिवसताक्षी, कन्काई, बिर्तामोड, धुलाबारी, अर्जुनधारा, बुधबारे
देवराज गिरी
९८१३६७६६२२/९८४२०७०५८६/९७०६१९६४०६

**कार्की ट्याक्सी सर्भिस**
दमक-बिर्तामोड-दानाबारी-जितपुर-मंगलबारे दैनिक सेवा रिजर्वको लागि पनि हामीलाई सम्झनुहोस्
छुट्ने समय
दमकबाट : बिहान ६ बजे
बिर्तामोडबाट : बिहान ७ बजे
मंगलबारेबाट : दिउसो १२ बजे
सम्पर्क (चालक)
सन्तोष: ९८०६०१८१७४, ९८४०३८७६७५
जीवन कार्की: ९८१७९४०१७३
मे १ ज १६७०

**आयुर्वेद उपचार**
यहाँ पाइल्स, फिस्टुला, फिसरको विशेषज्ञ डाक्टरद्वारा सफल उपचार गरिन्छ । साथै शरीरका सम्पूर्ण रोगहरुको पनि उपचार गरिन्छ ।
सुश्रुत आयुर्वेद अस्पताल प्रा.लि.
काँकरभिट्टा रोड, बोलबम पेट्रोलपम्पसँगै काली मन्दिर छेउ, बिर्तामोड
सम्पर्क: ९८१८७९३९८६, ९८५२६८८९८६

DRISHTI Eye Care System
TRUSTED BY MORE THAN 1.1 MILLION+ PATIENTS
**प्रत्येक दिन आँखाको शल्यक्रिया**
१) मोतियाबिन्दुको शल्यक्रिया
२) जलबिन्दुको शल्यक्रिया
३) आँखाको पर्दा (रेटिना)को शल्यक्रिया
४) आँखाको डेढोपन (छड्के आँखा)को शल्यक्रिया
५) आँखाको नानी प्रत्यारोपण (शल्यक्रिया)
Visit our Website
www.drishtieye.org
सबैका लागि दृष्टि
सधैंका लागि दृष्टि

